**आकाशवाणी समाचार- नेपाली**

मितिः २ अप्रेल २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. भारत र चिलीले आपदा प्रबंधन र सांस्कृतिक आदानप्रदानमा सहयोगका लागि एक सम्झौतामा हस्ताक्षर गरेका छन् ।

२. वक्फ संशोधन विधेयक आज लोकसभामा पेश गरिनेछ।

३. देशको नवीकरणीय ऊर्जा क्षमता पछिलो वित्त वर्षमा २५ गिगावाटको रिकार्ड वृद्धि भएको छ ।

४. गुजरातको बनासकांठा जिल्लाको दीसास्थित एक पटाका कारखानामा आगलागी हुँदा कम्तीमा १८ जनाको मृत्यु भएको छ

र

५. आईपीएल टी20 क्रिकेटमा पंजाब किंग्सले लखनऊ सुपर जायंट्सलाई 8 विकेटले पराजित गरेको छ ।

**भारत-चिली**

भारत र चिलीले हिजो नयाँ दिल्लीमा आपदा प्रबंधन र सांस्कृतिक आदानप्रदानमा सहयोगका लागि एक सम्झौतामा हस्ताक्षर गरेका छन् । दुई देशले अन्टार्कटिका सहयोगसम्बन्धी आशयपत्र आदानप्रदान गरेका छन् । यसअघि प्रधानमन्त्री नरेन्द्र मोदी र चिलीका राष्ट्रपति गेब्रियल बोरिक फन्टबीच दुई देशबीचको सम्बन्धका सबै पक्षमा छलफल भएको थियो । संयुक्त पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै श्री मोदीले चिली ल्याटिन अमेरिकामा भारतको एक मूल्यवान मित्र र साझेदार भएको बताउनुभयो भने छलफलको क्रममा आगामी दशकमा सहयोग अभिवृद्धिका लागि विभिन्न पहलको पहिचान गरिएको उहाँले बताउनु भयो। यसका साथै प्रधानमन्त्री मोदीले भारत चिलीसँग धेरै क्षेत्रमा अनुभव साटासाट गर्न तयार रहेको बताउनु भयो।

बाइट

****** ० ******

**वक्फ-रिजिजू**

वक्फ संशोधन विधेयक आज लोकसभामा पेश गरिनेछ। यसैबीच संसदीय कार्य मन्त्री किरेन रिजिजुले विधेयकमाथि छलफलका लागि सदनलाई आठ घण्टाको समय दिइएको जानकारी दिनुभयो भने कार्यव्यवस्था परामर्श समितिको बैठकमा आवश्यक परेको खण्डमा छलफलका लागि समय थप गर्न सकिने सहमति भएको उहाँले जानकारी दिनुभयो । यसका साथै श्री रिजिजूले विधेयकमा सबै प्रश्नको खुला बहस र जवाफका लागि सरकार तयार रहेको पनि बताउनुभयो भने तुष्टीकरणको राजनीतिका कारण विपक्षी दलले कानुनको विरोध गरिरहेको उहाँको आरोप छ ।

भारतीय जनता पार्टी र राष्ट्रीय जनतांत्रिक गठबंधनका सहयोगी - जेडीयू र तेलुगु देशम पार्टीले पनि आफ्ना सबै सांसदलाई ह्विप जारीगर्दै लोकसभामा उपस्थित हुन आग्रह गरेका छन् भने कंग्रेसले आफ्ना सबै सांसदलाई लोकसभामा उपस्थित हुन पनि भनेको छ ।यसअघि संसदको दुवै सदनका इंडिया गठबंधनका नेताहरूले वक्फ संशोधन विधेयकमा आफ्नो रणनीति तय गर्न हिजो नयाँ दिल्लीमा बैठक गरेका थिए। बैठकमा कांग्रेस नेता राहुल गान्धी, मल्लिकार्जुन खडगे, समाजवादी पार्टीका प्रो. राम गोपाल यादव, तृणमूल कङ्ग्रेसका कल्याण बनर्जी, द्रविड़ मुनेत्र कड़गमका टी के टी.आर. बालू र आम आदमी पार्टीका संजय सिंहले भाग लिए। संशोधन विधेयकको मूल उद्देश्य वक्फ सम्पत्तिको व्यवस्थापन र संचालनमा रहेका कमीकमजोरीलाई हटाउनु हो । यो विधेयक गत वर्ष अगष्टमा लोकसभामा पेश गरिएको थियो । विधेयकमाथि थप छलफलका लागि भाजपा सांसद जगदम्बिका पालको अध्यक्षतामा

संयुक्त संसदीय समिति गठन गरिएको थियो भने समितिमा लगभग 97 लाख सुझाव प्राप्त भएको थियो।

****** ० ******

**प्रधानमंत्री-रक्षा विनिर्माण**

प्रधानमन्त्री नरेन्द्र मोदीले रक्षा उत्पादनमा आत्मनिर्भरता र वैश्विक नेतृत्वतर्फको भारतको यात्राको प्रशंसा गर्नुभयो। रक्षामन्त्री राजनाथ सिंहले सोशल मीडियामा गरेको एक पोस्टको जवाफ दिँदै श्री मोदीले भन्नुभयो, "यो वास्तवमा भारतको आत्मनिर्भरता र रक्षा उत्पादनमा विश्वव्यापी नेतृत्वको यात्रामा गर्वको उपलब्धि हो।

****** ० ******

**पीएम-जेम**

प्रधानमन्त्री नरेन्द्र मोदीले वित्त वर्ष २०२४–२५ मा १० लाखभन्दा अधिक कर्मचारी भर्ना गर्न सक्षम बनाएकोमा सरकारी ई मार्केटप्लेस-जेम पोर्टलको प्रशंसा गर्नुभयो। वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले सोशल मीडियामा गरेको एक पोस्टको जवाफमा श्री मोदीले जीईएमको प्रशंसा गर्दै यो पोर्टलले जीविकोपार्जन र जमीनी स्तरको रोजगार र आर्थिक विकासलाई बढावा दिने बताउनुभयो।

****** ० ******

**नवीकरणीय ऊर्जा**

देशको नवीकरणीय ऊर्जा क्षमता पछिलो वित्त वर्षमा २५ गिगावाटको रिकार्ड वृद्धि भएको छ। नवीन तथा नवीकरणीय ऊर्जामन्त्री प्रह्लाद जोशीले नयाँ दिल्लीमा पत्रकारहरूसँग कुरा गर्दै पछिलो वित्त वर्षमा यस क्षेत्रमा वृद्धिदर करिब ३५ प्रतिशतले बढेको बताउनु भयो। नवीकरणीय ऊर्जाको हकमा सबैभन्दा अधिक वृद्धि सौर्य ऊर्जा क्षेत्रमा भएको छ जुन लगभग ३८ प्रतिशतले बढेर लगभग २१ गिगावाट पुगेको छ। श्री जोशीले यातायात क्षेत्र र घरलाई कार्बनमुक्त बनाइने बताउनु भयो भने यसका लागि कम्प्रेस्ड प्राकृतिक गैस र पाइपमा रहेको प्राकृतिक गैससँग कम्प्रेस्ड बायोग्यास मिसाएर बायो–सीएनजी ल्याइने उल्लेख गर्नुभयो। यसका साथै श्री जोशीले भारतको सोलार पीभी सेल उत्पादन क्षमता पनि यस अवधिमा ९ गिगावाटबाट करिब तीन गुणा बढेको बताउनु भयो। यसैगरी श्री जोशी, 'प्रधानमन्त्री सूर्य घर निःशुल्क बिजुली योजना सुरु भएदेखि १ लाख १० हजारभन्दा अधिक परिवार लाभान्वित भएका उल्लेख गर्दै गत वित्त वर्षमा करिब ७ लाख रोजगारी सिर्जना भएको बताउनु भयो।

****** ० ******

**पीएम-जोशी**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको अक्षय ऊर्जा क्षेत्रको विकासको प्रशंसा गर्नुभएको छ। नवीन तथा नवीकरणीय ऊर्जामन्त्री प्रह्लाद जोशीले सोशल मीडियामा गरेको पोस्टमा प्रतिक्रिया दिँदै श्री मोदीले अक्षय ऊर्जा क्षेत्रको विकासलाई ठूलो उपलब्धिका रुपमा व्याख्या गर्नुभयो भने यी उपलब्धिहरुले दिगोपनाप्रति देशका नागरिकको प्रतिबद्धता प्रतिबिम्बित दर्साउने उल्लेख गर्नुभयो।

****** ० ******

**गुजरात**

गुजरातको बनासकांठा जिल्लाको दीसास्थित एक पटाका कारखानामा आगलागी हुँदा कम्तीमा १८ जनाको मृत्यु भएको छ।

बाइट

यसैबिच प्रधानमन्त्री नरेन्द्र मोदीले दुर्घटनाप्रति दुःख व्यक्त गर्नुभएको छ भने प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट मृतकका परिवारलाई २ लाख र घाइतेलाई ५० हजार रुपैयाँ दिने घोषणा गर्नुभयो।

****** ० ******

**आरबीआई-दो हजार**

भारतीय रिजर्भ बैंकले दुई हजारका नोटमध्ये ९८.२ प्रतिशत बैंकिङ प्रणालीमा फर्केको र ६ हजार ३ सय ६६ करोडका नोट मात्र

मानिसहरु सग रहेको जनाएको छ। १९ मे २०२३ मा भारतीय रिजर्भ बैंकले 2,000 का नोटहरू प्रचलनबाट हटाउने घोषणा गरेको थियो।

****** ० ******

**मछुआरे रिहा**

श्रीलङ्काले सीमापार माछा मारेको आरोपमा पक्राउ परेका १३ जना भारतीय जालहारीहरुलाई गएराति जेलबाट रिहा गरेको छ। यस वर्षको १९ र २० फेब्रुअरीमा रामनाथपुरम जिल्लाको रामेश्वरमबाट जालहारीहरुलाई पक्राउ गरिएको थियो। श्रीलङ्का सरकारले मार्च ३० मा ती जालहारीहरुलाई कोलम्बोस्थित भारतीय दूतावासमा बुझाएको थियो भने दूतावासले जालहारीहरुलाई चेन्नाई फर्कने व्यवस्था मिलाएको थियो। यसका साथै श्रीलङ्काको न्यायालयले उनीहरूलाई चार-चार लाख जरिवाना गरेको छ।

****** ० ******

**ईपीएफओ मांडविया**

कर्मचारी भविष्य निधि संगठनले बहुबैंकिङ केन्द्रीकृत संग्रह प्रणालीमा थप १५ वटा बैंक थपेको छ। योसँगै यो प्यानलमा समावेश भएका सार्वजनिक तथा निजी बैंकको संख्या ३२ पुगेको छ। हिजो नयाँ दिल्लीमा सम्झौतामा हस्ताक्षर गर्ने क्रममा श्रम तथा रोजगार मन्त्री डा मनसुख माण्डविया पनि उपस्थित हुनुहुन्त्यो। यस अवसरमा श्री मंडावियाले ईपीएफओले लगभग ८ करोड सदस्य र ७८ लाख भन्दा बढी पेन्सनभोगीलाई सामाजिक सुरक्षा र अन्य सुविधा प्रदान गरिरहेको बताउनुभयो।

बाइट

श्री मंडावियाले अझ भन्नुभयो ईपीएफओले ईपीएफओ 3.0 को विकास गरिरहेको छ ताकि आफूलाई एक सुलभ र कुशल बैंकको रूपमा स्थापित गर्न सकियोस्। नयाँ स्थापना भएका १५ वटा बैंकले वार्षिक लगभग १२ हजार करोडको प्रत्यक्ष भुक्तानी गर्नेछन भने कर्मचारीहरूले यी बैंकहरूसँग सीधै कारोबार गर्न सक्नेछन्।

****** ० ******

**ओली की थाईलैंड यात्रा**

नेपालका प्रधानमंत्री के.पी. शर्मा ओली थाईलैंडको प्रधानमंत्री पैटोंगटार्न शिनावात्राको निमंत्रणमा बैंकॉकमा आयोजित बिम्सटेक शिखर सम्मेलनमा भागलिनका लागी प्रस्थान गर्नुभयो। गत बर्षको जुलाईमा चौथो पटक पदभार संभाले पछि श्री ओलीको यो पहिलो आधिकारिक थाईलैंड भ्रमण हो। थाईलैंडले 1 देखि 5 अप्रैलसम्म बिम्सटेकको छैठौ शिखर सम्मेलनको आयोजना गरिरहेको छ। विदेश मंत्रालय अनुसार, यस भ्रमण अवधि प्रधानमंत्री ओली र थाईलैंडका राजा वजीरा-लोंगकोर्न बीच शिष्टाचार बैठक हुनेछ।

प्रधानमंत्री ओलीले थाईलैंडका प्रतिष्ठित व्यापारिहरुको साथ बैठक गर्नुहुनेछ र बिम्सटेक शिखर सम्मेलनलाई संबोधित गर्नु हुदै एशियन प्रौद्योगिकी संस्थानलाई पनि संबोधित गर्नुहुनेछ।

****** ० ******

**नेपाल यूएई माफी**

संयुक्त अरब अमीरातले आफ्नो यहां अवैध रूपले बस्दै आइरहेका 166 नेपाली नागरिकहरुलाई सजाई देखि माफी दिएका छन्। यस कदम पछि नेपाल सरकारले संयुक्त अरब अमीरात सरकारलाई आभार व्यक्त गरेका छन्। नेपाल सरकारले रमजान र ईदको अवसरमा माफी दिनु दुई देशहरु बीच सौहार्दपूर्ण संबंधहरुको प्रतीक भएको जनाएको छ। संयुक्त अरब अमीरातले नेपाल सरकारको दूतावासको माध्यमबाट गरिएको अनुरोधपछि माफी दिने निर्णय लिएको हो।

****** ० ******

**आईपीएल-टी20 क्रिकेट परिणाम**

आईपीएल टी20 क्रिकेटमा लखनऊको एकाना क्रिकेट स्टेडियममा गएराती खेलिएको मैचमा पंजाब किंग्सले लखनऊ सुपर

जायंट्सलाई 8 विकेटले पराजित गरेको छ । पंजाब किंग्सले टॉस जीतेर पहिला फिल्डिंग गर्ने निर्णय लिएपछि पछि ब्याटिंगमा उत्रेका लखनऊ सुपर जायंट्सले निर्धारित 20 ओवर मा 7 विकेट गुमाएर 171 रन बनायो। जवाबमा पंजाब किंग्सले 16 ओवर 2 बलमा केवल दुई विकेट गुमाएर लक्ष्य हासिल गर्यो।

यस जीतपछि पंजाब किंग्स 4 अंकको साथ दोस्रो स्थानमा रहेको छ भने लखनऊ दुई अंकका साथ छैठौ स्थानमा छ। रॉयल चैलेंजर्स बेंगलुरु अंक तालिकामा शीर्षस्थानमा बनी रहेको छ।

****** ० ******